# अवकाशप्राप्त कर्मचारी संगठनद्वारा बैंशाखी उत्सव अनि अम्बेडकर जयन्ती पालन



**रिनाक, १५ अप्रेल:** रिनाकको एक स्थानीय होटलमा अवकाश प्राप्त कर्मचारी संगठन रिनाक शाखाद्वारा नेपाली नयाँ साल २०७४ लाई स्वागत जनाउँदै वैशाखी उत्सव साथै डा. भीम राव अम्बेडकर जयन्ती पालन गरिएको संगठनका मूल सचिव गणेशकुमार प्रधानले जानकारी गराएका छन्।

संगठनका एक सक्रिय सदस्य तथा पूर्व प्रधानअध्यापक बीएन न्यौपानेको अध्यक्षतामा हिज पालन गरिएको कार्यक्रममा स्वागत सम्बोधन सह-कोषाध्यक्ष तिलक प्रधानले राखे भने संगठनका अध्यक्ष आरपी शर्माले संगठनको उत्तरोत्तर विकास र वैशाखी पर्वको महत्वमाथि प्रकाश पार्दै यसरीनै कार्यक्रमको माध्यमद्वारा हाम्रो संस्कृति र परम्पराको संरक्षण गर्नुपर्ने विषयमा जोर दिएका थिए। सोही क्रममा कोषाध्यक्ष केसी ढुङ्गेलले पनि वैशाखी पर्वबारे बोल्दै हाम्रो नयाँ वर्ष प्रत्येकले निरन्तर रुपमा पालन गरी बैंशाखी उत्सवको महत्व बुझाउनु पर्ने आवश्यकता रहेको बताए।

सभाध्यक्षको आसनबाट बीएन न्यौपानेले संगठनले यो बैंशाखी उत्सव पालन गरेर अशल कार्य गरेको छ भन्दै यस्तै तरिकाले अन्य प्रमुख उत्सव संगठनमार्फत हुन सकोस साथै संगठनको उन्नति विषयमा अझ निकै कार्य गरिन्दै लानुपर्नेमा सुझाव दिए। कार्यक्रममा संगठनका पदाधिकारीहरुमा डब्ल्युडी भोटिया, कमल थापा, घनश्याम आचार्य, शम्भु प्रसाद भण्डारी, बीएन दाहाल, डीआर न्यौपाने, ठाकुर मुखिया, एचबी प्रधान, कुमार थापा, डीपी शास्त्री आदिले आ-आफ्ना सुझावहरु राखेका थिए। कार्यक्रमको अन्त्यमा संगठनका मूल सचिव गणेशकुमार प्रधानले आफ्नो सम्बोधनमा आगामी नेपाली भाषा मान्यता दिवस भव्यताका साथमा रिनाकमा पालन गरिने जानकारी दिँदै यस विषयमा संगठनका सदस्यहरुबाट उचित सहयोगको अपेक्षा व्यक्त कृतज्ञता प्रकट गरेका थिए।

# गोर्खा जनमुक्ति मोर्चा घूम जोरबंगलो समष्टिको सभा



**घूम, १५ अप्रेलः** गोर्खा जनमुक्ति मोर्चा घूम जोरबंगलो समष्टिको अगुवाईमा नगरपालिका वार्ड नं ३ र ४ को चुनावी सभा वार्डका जनतालाई लिएर स्थानीय घूम रेलवे स्टेशन नजिक बालुङ किदुक भवनमा सम्पन्न गरियो। बिहान ११ बजीदेखि अपरान्ह ४ बजीसम्म सम्पन्न भएको सभाको सभाध्यक्षता समष्टि सभानेत्री मञ्जुला तामाङ अनि क्षेत्रिय सभासद पीटी ओलाले गरेका थिए भने सभाको सञ्चालन समष्टि सचिव प्रकाश सुब्बाले गरेका थिए। दार्जीलिङ महकुमा समिति सभापति डीके प्रधान केन्द्रिय समिति कोषाध्यक्ष दावा लामा तथा इशामणि पाख्रिनले सम्बोधन गरेको सभामा समष्टिको तर्फबाट युवा मोर्चाका किशन गुरुङ, रिवाज मुखिया, नारी मोर्चा नेत्री निरा शर्मा तथा भरत ठकुरीले आ-आफ्नो वक्तव्य पेश गरेका थिए। पहिलो वैशाखमा गोर्खा जनमुक्ति मोर्चा केन्द्रिय समितिको तत्वावधानमा गोर्खा एकीकरण कार्यक्रममा समष्टि युवा मोर्चाले पनि भाग लिने सभालाई जानकारी गराउँदै यतिका दिनसम्म गोर्खालाई कहिले पनि यस्ता कार्यक्रमको आवश्यकता नरहेको तर अहिले आएर बंगाल सरकारको कुटिल राजनैतिक चलखेलको परिणामस्वरुप गोर्खा जाति जात-जातमा विभाजित बन्दै गएको सबैले सचेत भएर सोच्नपर्ने सभा चर्चा गरियो।

विगत पाँच वर्षमा नगर पार्षद्/पार्षदिकाले जे जति वार्डको हितमा काम गरे वा गरेनन् वार्डका जनतालाई राम्ररी थाहा भएकोले यसपालि उम्मेद्वार दिँदा जनताले राम्ररी सोचेर अनि समाजको हितमा काम गर्नेलाई पठाउने आग्रह सभामा राखियो। बंगालवाददेखि सचेत बन्दै आगामी चुनाउमा भोट हाल्नुपर्ने विषयमाथि चर्चा गरियो।

सभामा जनताको पक्षबाट पनि सम्बोधन गरिएको थियो। जनताको पक्षबाट आएको माग र विचारलाई समष्टि कमिटी त्यसपश्चात अध्यक्ष विमल गुरुङको निर्णय नै अन्तिम निर्णय रहने सभामा जानकारी गराइयो।

## गोजमुमोको 'शाखा पसौं अभियान' आयोजित

**मिरिक, १५ अप्रेल।** गोर्खा जनमुक्ति मोर्चा, सौरेनी समष्टिद्वारा परिचालित 'शाखा पसौं अभियान' अन्तर्गत विभिन्न शाखामा पार्टीको सभा आदि आयोजना भइरहेको छ। हिजो छोटा टिङलिङ शाखामा मनोज भूजेलको अध्यक्षतामा तथा सौरेनी समष्टिका सचिव पूर्णसिंह राईको संचालनमा सभा बसियो। सभामा सांगठनिक रिपोर्टङसितै वार्षिक योजना संकलन, भावी कार्यक्रम अनि - शाखामा रहेका विविध समस्याहरूमाथि व्यापक चर्चा-परिचर्चा भयो। यहाँ अवस्थित प्राथमिक पाठशालामा फेन्सिङको अभाव, सड़क मार्गमा कार्पेटिङसहित अन्य समस्याहरू शाखा प्रतिनिधिहरूले सभामा राखे। सोही अनुरूप मोर्चा-कोनोल डाँड़ा शाखामा पनि शाखा अध्यक्ष अन्जीत तामाङको अध्यक्षतामा सभा बस्यो। सभामा यहाँका अभाव र समस्याहरूलाई लिएर चर्चा गरियो। क्षेत्रमा व्याप्त पिउने पानी र सड़क मार्ग अभावलाई सभामा विशेष रूपमा उठान गरियो। नोल डाँड़ादेखि मिलिकथुङसम्म पुग्ने सड़क मार्गको दूरावस्थाको कारणले यहाँका मानिसहरू पैदल हिँड़न बाध्य रहेको जानकारी सभालाई गराइयो। सभामा सौरेनी समष्टि अध्यक्ष एनके राणा, असरमान राई, किरण राई, आरएल रामुदामु, विजय लेप्चा विशेष रूपमा उपस्थित थिए।

## उ.कोरियाको अमेरिकालाई परमाणु हमलाको चेताउनी

**प्योङ्योङ, १५ अप्रेल (हिस)।** कोरियाई प्रायद्विपमा अमेरिकी सैन्य तयारीको मद्देनजर उत्तर कोरियाले शनिबार परमाणु हमलाको साथ पलटवार गर्ने चेताउनी दिँदै अमेरिकालाई यस क्षेत्रमा उकसाउने कारबाही नगर्नलाई भनेको छ। ज्ञात होस्, उत्तर कोरियाले शनिबार आफ्नो संस्थापक किम इल-सुङको १०५औं जयन्ती पालन गऱ्यो। यस अवसरमा राजधानी प्योङ्योङमा उत्तर कोरियाले आफ्नो सैन्य शक्तिको प्रदर्शन गऱ्यो। यस अवसरमा पनडुब्बीबाट छोड़िने लामो दूरीको मिसाइल, ट्याङ्क र अन्य रक्षा सामग्रीहरूको साथ सैनिकहरूले भव्य परेड निकाले। समाचार एजेन्सी रायटर अनुसार, उत्तर कोरियाका सैन्य अधिकारी चोइ रायोङ हीले भने, हामी युद्धको निम्ति पूर्ण रूपमा तयार छौं। कुनै पनि परमाणु हमलाको जवाफ हामी आफ्नो शैलीमा दिनेछौं। १५ अप्रेलको दिन उत्तर कोरियामा राष्ट्रिय दिवस पालन गरिन्छ। हजारौंको संख्यामा उत्तर कोरियाको सैनिक देशका संस्थापक किम इल सुङको १०५औं वार्षिकी समारोहमा सामेल भए। उ. कोरियाका नेता किम जोङ उनले परेडको सलामी लिए। साधारणतः विश्वदेखि अलग उ. कोरियाले विदेशी मीडियालाई पनि यस समारोहलाई कवर गर्न बोलाएको थियो। उल्लेख्य, यस अवसरमा उत्तर कोरियाले पहिलो पल्ट पनडुब्बीबाट छोड़िने मिसाइलको प्रदर्शन गऱ्यो। यस मिसाइल परमाणु हथियारले लैजान सक्छ औं लामो दूरीसम्म मार गर्न सक्छ। अमेरिका समेत विश्वका धेरै देशले उ. कोरियामाथि परमाणु कार्यक्रम बन्द गर्ने दबाउ बनाउँदै आईरहेछन् तर उसले अहिलेसम्म यसको अदेखा गर्दै आफ्नो परमाणु कार्यक्रमलाई अघि बढ़ाईरहेछ। हालैमा उत्तर कोरियाई मिसाइल परीक्षणहरूद्वारा क्षेत्रमा तनाउ बढ़ेको छ। जापान र दक्षिण कोरियाले यी परीक्षणहरूमा कड़ा आपत्ति जताए औं यस मुद्दामा चर्चाको निम्ति संयुक्त राष्ट्र सुरक्षा परिषदले आपात बैठक डाकेको थियो।

## मदन मित्राको नाममा असूली गरेको आरोपमा एक पक्राउ

**कोलकाता, १५ अप्रेल (हिस)।** पूर्व परिवहन मन्त्री मदन मित्राको नाममा रूपियाँ असूलीको आरोपमा विधाननगर पूर्व थानाको पुलिसले एक व्यक्तिलाई पक्राउ गरेको छ। पक्रा परेको आरोपीको नाम कृष्ण दास (बारासात बासिन्दा) बताइँएको छ। शुक्रबार राति उसलाई बैरकपुरबाट पक्राउ गरियो। साल्टलेकको सीजे-११८ को बासिन्दा शीलू नन्दी नामक एक महिलादेखि आरोपीले लगभग डेढ़ लाख रूपियाँ लियो। उसलाई नौकरी दिने नाममा आरोपीले पैसा लिएको आरोप छ। पीड़ितालाई आरोपीले राज्य प्रशासनमा उसको धेरै चिनापर्चि छ औं राज्यका धेरै मन्त्रीहरूको साथ पनि उसको धेरै चिनाजानी रहेको बतायो। पुलिसले आरोपीसित केरकार गरिरहेछ। यसैगरी आरोपीले कतिजनासित ठगी गरेको छ भन्ने पत्तो लगाउनमा पुलिस जुडेको छ।

## क्षेत्र हस्तक्षेपलाई लिएर तृणमूल-भाजपाबीच झड़प

**बीरभूम, १५ अप्रेल (हिस)।** क्षेत्र हस्तक्षेपलाई लिएर बीरभूमको पाडुई इलाकामा तृणमूल-भाजपाबीच झड़पका साथै बमबाजी पनि भएको छ। यस घटनामा दुवै दलका धेरै मानिसहरू घाइते भएका छन्। धेरै घरहरू तोडफोड गरिएको छ। पार्टी कार्यालयहरू भत्काइएको छ। स्थितिलाई नियन्त्रित गर्न पुलिस बल तैनात गरिएको छ। तरै पनि शनिबार झड़प भएको छ। प्राप्त जानकारी अनुसार भाजपाले बीरभूमको पाडुई क्षेत्रमा आफ्नो राजनैतिक प्रभाव जमाउने प्रयास गरे र पाडुई आन्दोलनका समय यस कार्यमा सफल पनि भए। तर, गत विधान सभा चुनाउ अघि भाजपाको हातबाट यो ठाउँ फुत्किन पुग्यो र यहाँ तृणमूल कांग्रेसको कब्जा भयो। यस विषयलाई लिएर भाजपामा विभाजन शुरू भयो। अर्कोतिर कांथी उपचुनाउको परिणामपछि उत्साहित भाजपा क्षेत्रमा मा सक्रिय बन्न थालेको छ र पंचायत चुनाउमा तृणमूललाई कडा टक्कर दिन लागिपरेको छ। यसै कारण पाडुईमा दुई दलका कार्यकर्ताहरूबीच झड़प भएको हो।

## इसाई समाजको सभा

**मिरिक, १५ अप्रेल।** मिरिक अल्पसंख्यक इसाई समाजको सभा कोषाध्यक्ष डीबी राईको वासस्थानमा पी. नारायण जोशुवा शर्माको सभापितत्वमा सम्पन्न भयो। मूल सचिव उमेश सेवाद्वारा संचालित सभाको प्रारम्भमा पास्टर निमेश प्रधानद्वारा प्रार्थना गरियो। संस्थाका सम्पूर्ण कार्यकारिणी सदस्यहरूको उपस्थिति रहेको सभामा वर्ष २०१७-१८ को चर्च नविकरण, पारिवारिक सदस्यता नविकरण, सरकारबाट प्राप्त हुने सहुलियतहरू जस्तै गीताञ्जलि योजना आवास योजना, अल्पसंख्यक बोर्ड मार्फत प्राप्त हुने घर, प्री म्याट्रिक अनि पोस्ट म्याट्रिक छात्रवृत्ति, अल्पसंख्यक ऋण, पिउने पानी योजना आदि विषयमा विस्तारपूर्वक जानकारी गराइयो। मिरिकलाई महकुमाको दर्जा प्रदान गरेकोमा समाजको तर्फबाट मुख्यमन्त्रीप्रति हार्दिक आभार प्रकट गर्दै आजको सभाले आगामी केही दिनभित्रै समाजको एक प्रतिनिधि टोलीले महकुमा शासक तथा खण्ड विकास अधिकारीसित भेटवार्ता गर्ने निर्णय लियो। आगामी ६ मईको दिन समाजको वार्षिक सभा आयोजना भइरहेको जानकारी सभामा गराइयो। संस्थाको कतिपय कामहरू सुचारू गर्नका लागि यहाँको शितला नगरस्थित गायत्री स्टोर पछिल्लोतिर कार्यालय खोलिएको जानकारी पनि सभामा गराइयो। गत १० अप्रेलको दिन सम्पन्न संस्थाको सभाले संस्थाको कार्यक्षमता बढ़ाउनका लागि थप कार्यकारिणी सदस्यहरूको आवश्यक्ता परेकोले साइमन तामाङलाई मुख्य संयोजक अनि राजु सुब्बा, विजय लामा र पा. मनोज सुब्बालाई क्षेत्रीय संयोजकको रूपमा चयन गरिएको कुरा आजको सभामा बताइयो।

## कामतापुरी भाषालाई मान्यता दिन मुख्यमन्त्री सहमतः अतुल राय

**सिलगड़ी, १५ अप्रेल।** मुख्यमन्त्री ममता ब्यानर्जीले कामतापुरी भाषालाई मान्यता दिएर उत्तर बंगालका सबै सरकारी स्कूलमा कामतापुरी भाषामा पठन-पाठन शुरू गर्न सहमति जनाएकी कामतापुर प्रोग्रेसिभ पार्टी (केपीपी)-ले दावी गरेको छ। केपीपीका अध्यक्ष अतुल रायले शुक्रवार यहाँ पत्रकार सम्मेलनमा यस्तो दावी गरेका हुन्। केपीपी प्रमुख अतुल राय र अन्य नेताहरूले १० मार्च कलकत्तामा मुख्यमन्त्री ममता ब्यानर्जीसँग भेट गरेर १० बूँदे माग राखेका थिए। ती मागमध्ये चारवटा मुख्यमन्त्रीले मानिलिएको अतुल रायको दावी छ। मुख्यमन्त्रीले मानिलिएका मागहरूमा कामतापुरी भाषालाई मान्यता दिएर उत्तर बंगालका स्कूलहरूमा कामतापुरी भाषामा पठन-पाठन शुरू गर्नु अनि लोकप्रिय अब्बासुद्दीनको नाउँमा भावैया गीत अकादमी खोल्नु प्रमुख छ। यस बाहेक सन् २००१ देखि २००३ सम्म कामतापुरी आन्दोलनको अवधि पक्राउ गरिएका प्रायः दुइ हजार केपीपी समर्थकहरूलाई अविलम्ब जेलबाट मुक्त गर्ने अनि पञ्चानन वर्माको जन्मदिन पहिलो फागुनमा राज्यमा सरकारी विदाको घोषणा गर्ने माग पनि सामेल रहेको अतुल रायले बताए।

केपीपीले आउँमी २५ अप्रेल मुख्यमन्त्रीलाई नागरिक सम्वर्द्धना जनाउने निर्णय लिएको छ। १० मार्च मुख्यमन्त्रीसँगको बैठकमा तिनलाई नागरिक सम्मान जनाउने कुरा केपीपीको तर्फबाट जनाइएको थियो। मुख्यमन्त्री ममता ब्यानर्जीले बिहीवार स्वयं तिनलाई फोन गरेर सम्वर्द्धना कार्यक्रममा उपस्थित हुने सहमति जनाएकी अतुल रायले बताए। आउँदो २५ अप्रेल कोचबिहारको रासमेला मैदानमा ममता ब्यानर्जीलाई सम्वर्द्धना जनाइने तिनले बताए।

## बस पल्टिँदा ७ यात्री घाइते

**सिलगड़ी, १५ अप्रेल।** सिलगड़ीछेउ नक्सलबारीमा शुक्रवार बिहान यात्रीवाहक एउटा बस पल्टिँदा कम्तीमा सात यात्री घाइते भए। बिहारबाट सिलगड़ी आइरहेको सो बस नक्सलबारीछेउ अनियन्त्रित भएर बाटो किनारको खाल्डोमा खसेको हो।

स्थानीय र पुलिस सूत्रले बताएअनुसार यस दुर्घटनामा सात यात्री घाइते भए, जसमध्ये एकजनाको टाउकोमा गम्भीर चोट लागेको छ। घाइतेहरूलाई उद्धार गरेर उत्तर बंगाल मेडिकल कलेज तथा अस्पताल पठाइएको छ। दुर्घटनाले गर्दा त्यस क्षेत्रमा केही घण्टाको निम्ति वाहनहरूको जाम लागेको थियो। पुलिसले दुर्घटनास्थलमा पुगेर स्थिति स्वाभाविक पाऱ्यो।

# न्यूनतम मजदुरीको मागमा चियाकमानहरु गेट मिटिङ

**मिरिक, १५ अप्रेल।** चियाकमानमा खटिखाने श्रमिकहरूको रोज न्यूनतम मजदुरी ऐन अन्तर्गत निर्धारण गरिनुपर्ने मागमा श्रमिक संगठनहरूको जोइन्ट फोरमले हिजोदेखि पहाड़ तराई डुवर्सका विभिन्न चियाकमानहरूमा गेट मिटिङ, धरना प्रदर्शन जस्ता कार्यक्रमहरू शुरू गरेको छ। सोही अनुरूप आज दार्जीलिङ तराई डुवर्स प्लान्टेशन लेवर युनियन (डीटीपीएलयू), मिरिक जोनलको अगुवाईमा यहाँको थर्वु चियाकमानमा गेट मिटिङसितै धरना प्रदर्शन गरियो भने भोलि पनि यो जारी रहने बताइएको छ। २६ वटा श्रमिक संगठनहरू आवद्ध रहेको जोइन्ट फोरमको नेतृत्वमा हिजोदेखि तीन दिनव्यापी धरना प्रदर्शनको कार्यक्रम शुरू गरिएको डीटीपीएलयू, केन्द्रिय महासचिव सुरज सुब्बाले आज मिरिकमा संचारकर्मीहरूसितको कुराकानीमा जानकारी गराए। उनले भने, राज्य सरकारले पछिल्लो वर्ष २०१५-मा दुइ वर्षसम्मको लागि रोज निर्धारण गरी समझौता गराएको थियो जसको मियाद गए ३१ - मार्चको दिन नै सिद्धिसकेको छ। उक्त समझौता अनुरूप १ अप्रेल, २०१७ देखि न्यूनतम मजदुरी ऐन अन्तर्गत चिया श्रमिकहरूको रोज निर्धारण गरिनुपर्ने हो तर सरकारको उदासीन नीतिको कारणले हुन सकेको छैन। यस सम्बन्धमा फोरमले आगामी १७ अप्रेलको दिन जेएलसीमा बैठक डाकेको छ। त्यसपछि फोरमले कोलकातामा हुन लागेको उच्चस्तरीय बैठकमा आफ्ना मागहरूलाई लिएर ज्ञापन-पत्र चढ़ाउने निधो गरेको छ। यति गर्दा पनि केही फरक नपरे २३ अप्रेलदेखि पहाड़मा व्यापक आन्दोलन गरिने चेताउनी श्रमिक नेताले पत्रकारहरू समक्ष दिए। अल केमिष्ट अन्तर्गत रहेका पहाड़का बन्द चियाकमानहरूको स्थितिलाई लिएर यूनियनले पहल गर्ने बताउँदै उनले अघि भने, अल केमिष्ट अधिनस्थ रहेका चियाकमानहरूका २५ सय श्रमिक बिचल्नीमा परेका छन्। आगामी जेएलसीको बैठकको निम्ति डीटीपीएलयूलाई पनि पत्र प्राप्त भएको छ। गत वर्ष भोक हड़ताल गरेर आफ्नो अधिकारको निम्ति आवाज उठाएका थियौं तथापि कुनै चुड़ान्त निर्णय आउन सकेन। अर्को मालिकले कमान किनिसकेको छ भन्ने चर्चा छ। उनले मिरिक नगरपालिका क्षेत्रका वासिन्दाहरूलाई पूर्जा-पट्टा दिने सरकारको घोषणा राजनैतिक दाउपेच मात्र नहोस् भन्दै अन्तमा भने, थर्वु चियाकमानका कतिपय क्षेत्र पनि मिरिक नगरपालिका अधिनस्थ पर्दछ यदि राज्य सरकारले पूर्जा-पट्टा दिए सम्पूर्ण थर्वु चियाकमानलाई नै दिनुपर्छ भन्ने हाम्रो माग छ। हामी श्रमिकहरू कमानमा भूमीहीन भएर बसेका छौं जसको जति स्वामित्व छ त्यसैको आधारमा समान रूपमा पूर्जा-पट्टा पाउनुपर्छ।

## डा. भीमराव अम्बेडकरको १२६औं जन्म जयन्ती पालन

**कालेबुङ, १५अप्रेल।** भारतीय संविधान निर्माता डा. भीमराव अम्बेडकरको हिजो १२६औं जन्म जयन्ती अम्बेडकर फाउण्डेशनद्वारा पालन गरियो। जिल्ला अधिकारी कार्यालय परिसरमा अवस्थित अम्बेडकरको सालिगमा फाउण्डेशनका सदस्यहरूले खदा अर्पण गरी श्रद्धाञ्जलि चढ़ाए।

नेक्डोरका राष्ट्रिय अध्यक्ष एवं मनि ट्रष्टका संस्थापक सुवास सिंहको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा डा. अम्बेडरको संक्षिप्त जीवनी राख्दै फाउण्डेशनका सचिव सोनाम टी भोटियाले भने, भारतको सामाजिक अनि राजनैतिक प्रणालीमा सुधार ल्याउनमा डा. अम्बेडकरको महत्वपूर्ण भूमिका रहेको छ। स्वतन्त्रतापूर्ण भारतको राजनैतिक वर्णक्रममा सुधार ल्याएर देशको सामाजिक, आर्थिक, राजनैतिक एवं शैक्षिक व्यवस्थामा उनले ठूलो परिवर्तन ल्याए। भारतभरिकै दलित-हरूलाई एकीकृत गराएर उनीहरूको आत्मबल बढ़ाउने काम डा. अम्बेडकरले गरेका छन्। कार्यक्रममा विभिन्न बोर्डका प्रतिनिधिगण, सामाजिक कार्यकर्ता एवं विद्यार्थीहरूको उपस्थिति रहेको थियो। सोही अवसरमा बाबा साहेब नेशनल फेलोशिप अवार्ड-२०१६ द्वारा विभूषित श्रष्टा, अन्तर्राष्ट्रिय धाविका रोशनी राई एवं विभिन्न बोर्डका प्रतिनिधिहरूलाई फाउण्डेशनको तर्फबाट सम्वर्द्धना जनाइयो। अर्कोतिर, तृणमूल कंग्रेसले पनि यहाँको जिल्लाधिकारी कार्यालय परिसरमा रहेको अम्बेडकरको सालिगमा खदा लगाएर श्रद्धाञ्जलि अर्पण गऱ्यो। यस अवधिमा पार्टीका लवण सुब्बा, शिखा राई, विनय घिसिङ, कमल थापा, कल्याण गुरूङ एवं अन्यको उपस्थिति रहेको थियो।

## अमेरिकी एमओएबीले अफगानिस्तानमा आईएसको ९० लड़ाकू मारियो

**काबुल, १५ अप्रेल (हिस)।** अमेरिकाको सबैभन्दा शक्तिशाली गैर परमाणु बम हमलामा इस्लामिक स्टेट (आईएस)को कम्तीमा ९० लड़ाकू मारिएको छ। यस बमलाई (मदर आफ आल बम) (एमओएबी) को नामले चिनिन्छ जसलाई गत बिहीबार साँझ अफगानिस्तानको नंगरहार प्रान्तको अचिन जिल्लामा झारिएको थियो। बीबीसी अनुसार, अफगानिस्तानको नंगरहार प्रान्त अन्तर्गत अचिनको एक क्षेत्रीय गभर्नर इस्माइल शिनवारीले जिहादीहरू मारिएको पुष्टि गरेका छन्। अमेरिकाले पहिलो पल्ट आईएस विरूद्ध यस बमको प्रयोग गरेको छ। अमेरिकी अधिकारीहरू अनुसार, बिहीबार गरिएको यस हमलामा सुरंगहरू र गुफाहरूको एक नेटवर्क ध्वस्त गरिएको छ जो लगभग ३०० मीटरसम्म फैलेको थियो। अर्कोतिर, इस्लामिक स्टेटको समर्थक एजेन्सी (अमाक)मा जारी गरिएको एक बयानमा यस हमलामा आईएसलाई कुनै पनि प्रकारको नोकसान नभएको दाबी गरिएको छ। अमेरिकाले आईएस विरूद्ध यस हमलालाई सही ठहर गरेको छ। अफगानिस्तानमा अमेरिकी सेनाका प्रमुख जनरल जोन निकोल्सनले भने, यो बम पूर्वी अफगानिस्तान स्थित चरमपन्थीहरूको ठेगानाको निम्ति सबैभन्दा शक्तिशाली हथियार थियो।

## स्वयंसेवी शिक्षकहरूद्वारा तृणमूल शिक्षक संगठनको गठन

**कालेबुङ, १५ अप्रेल।** राज्य सरकारले दार्जीलिङ पहाड़का ३०२ जना स्वयंसेवी शिक्षकहरूको स्थायीकरण गरिदिएपछि गोजमुमोको शिक्षक संगठनसित आबद्ध स्वयंसेवी शिक्षकहरूले तृणमूल शिक्षक संगठन गठन गरेका छन्। उक्त शिक्षक संगठनले अब तृणमूल कंग्रेसको भातृ संगठनको रूपमा काम गर्नेछ। गत वर्षको सेप्टेम्बर महीनामा कालेबुङमा आयोजित कार्यक्रममा अंश ग्रहण गर्न आएका मुख्यमन्त्रीले पहाड़का स्वयंसेवी शिक्षक-शिक्षिकाहरूको समस्या ६ महीनाभित्रमा समाधान गरिदिने वचन दिएकी थिइन् जसलाई उनले पूरा गरेको आज गठित तृकंको वेस्ट बंगाल तृणमूल सेकेण्डरी टिचर्स एसोसिएशनका सचिव रोशन छेत्रीले दाबी गरेका छन्। हिल तृणमूल कंग्रेस, जिल्ला समितिका नेतृत्ववर्ग सतीस थिङ, ढेण्डुप भोटिया तथा प्रवीण गुरूङको उपस्थितिमा उक्त एसोसिएशनको गठन गरिएको थियो। एसोसिएशन गठनपूर्व नियुक्ति पाएका शिक्षक-शिक्षिकाहरूले बैठक गरेका थिए। सो बैठकमा चयनित पदाधिकारीहरूलाई एसोसिएशनको पदभार सुम्पिइएको छ जसमा अध्यक्ष दिनेश शर्मा, उपाध्यक्ष कर्म भोटिया र विजय तामाङ, मूलसचिव रोशन छेत्री, सह-सचिव सुमन शर्मा र कृष्ण शर्मा, कोषाध्यक्ष प्रतिमा थामी र प्रवक्ता प्रवीण तामाङलाई चयनित गरिएको छ। स्वयंसेवी शिक्षकहरूको स्थायीकरणको दीर्घकालिक समस्या समाधानको निम्ति मोर्चा एवं जीटीएले सही रूपमा काम नगरेकै कारण आफूहरू हिल तृणमूलमा सामेल भएको सचिव रोशन छेत्रीले बताए। हिल टीएमसी, कालेबुङ जिल्ला प्रवक्ता प्रवीण गुरूङले राज्य सरकारले हालको शिक्षक नियुक्तिमा कुनै राजनीतिकरण नगरेको दाबी गरे। नियुक्ति नपाएका अन्यलाई फेरि नियुक्ति दिइने आश्वासन उनले दिए।

## सिलगड़ीमा भाजपाको जनजागरण दौड़

**सिलगड़ी, १५ अप्रेल।** भारतीय जनता पार्टीले शुक्रवार आतंकवाद, अनि राज्यमा सिण्डिकेट राजको विरोधमा सिलगड़ीमा जनजागरण दौड़को आयोजना गऱ्यो। भाजपा सिलगड़ी सांगठनिक समितिको तर्फबाट जनजागरण दौड़को आयोजना गर्नुको उद्देश्य शहरवासीलाई आतंकवाद, र राज्यमा सिण्डिकेटराजविरुद्ध सचेतनता गराउनु रहेको जनाइएको छ।

भाजपा जिल्ला युवा मोर्चाका सभापति राज चक्रवर्तीले भने, भाजपा राज्यव्यापी विकास चाहन्छ त्यसैले अहिले भाजपालाई मानिसहरूले रुचाइरहेका छन्। हामीले पनि मानिसहरूको सुख-दुखमा साथ दिनुको निम्ति राज्यका मानिसहरूसमक्ष पुग्न विविध कार्यक्रमहरूको आयोजना गरिरहेका छौं र त्यसै कार्यक्रमको एउटा अंशको रूपमा शुक्रवार सिलगड़ीमा जन जागरण दौड़को आयोजना गरिएको हा, किँनिले भने। सिलगड़ीको भेनस मोड़बाट शुरू भएको जनजागरण दौड़ले शहरको हिलकार्ट रोडको परिक्रमा गऱ्यो। यस दौड़मा भाजपाका नेता र कार्यकर्ताहरूले भाग लिए। सिलगड़ीबाहेक राज्यका अन्य भागहरूमा पनि यसै दिन जनजागरण दौड़को आयोजना गरिएको जानकारी पाइएको छ।

## रिनाक ३ जी इन्टरनेट सेवाबाट वञ्चित

**रिनाक, १५ अप्रेल:** रिनाक क्षेत्रसहित रंगेली बजारमा हाल एयरटेल इन्टरनेट २ जी र ३ जी सेवाबाट विमुख रहेका गुनासो रहेको छ। गत बाह्र दिनअघि देखि रिनाकमा एयरटेलसहित अन्य सिमका इन्टरनेट सेवाले कामनै नगरेको अवस्था रहेको छ।

भारत देशलाई डिजीटल इण्डियासंग ग्रामीण भेकलाई जोड्ने सरकारको योजना रहेतापनि आज ग्रामीण इलाकानै यसरी धेरै दिनदेखि इन्टरनेट सेवा उपलब्ध नहुनाले स्थानीय उपभोक्ताहरु हतास बनेका छन्। यता केही उपभोक्ताहरुले आफ्ना ३ जी सेवाको रिर्चाजको समय सिमा त्यतिकै खत्म भएर आफूलाई नोक्शानी भएको बताउँछन्। यस विषय एयरटेल ग्राहक सेवा केन्द्रसंग सम्पर्क गर्दा यी क्षेत्रहरुमा इन्टरनेट सेवाको हाल मरम्मती कार्य भइरहेको, यद्यपि चाँड़ैनै यो सेवालाई पहल गरिने बताएका छन्।

अर्कोतिर रंगेली बजारमा २ जी इन्टरनेट सेवा समेत हाल ठप्प रहँनाले आम उपभोक्ताहरु निराश बनेका खबर रहेको छ। यी उपभोक्ताहरुले नेट सेवालाई कम्पनीले शीघ्र पहल गरिनुपर्ने बताएका छन्।

## एक दिवसीय स्वास्थ्य जाँच शिविर आयोजन हुने

**रम्फू, १५ अप्रेलः** मुख्यमन्त्री पवन चामलिङको नारा स्वच्छ सिक्किम सुखी सिक्किम नारालाई आत्मसात गर्दै सन्त निरंकारी मण्डल रम्फू सिक्किमद्वारा १६ अप्रेलको दिन टाइनी टटस पाठशाला आईबीएम रम्फूमा एक दिवसीय स्वस्थ्य जाँच शिविर आयोजित गर्ने भएका छन्। विशाल सत्संग समारोहको साथ आयोजित हुने स्वास्थ्य जाँच शिविरमा क्षेत्र विधायकसहित संसदीय सचिव गोपाल बराइली मुख्य अतिथिको रूपमा उपस्थित रहनेछन्। बिहान १० बजीदेखि शुरु भएर २ बजीसम्म चलने स्वस्थ्य जाँच शिविरमा ब्लड प्रेशर, ब्लड सुगर ,डाईबिटिज, नेत्र जाँच, हाईट, वेट र बीएम्आई, ह्दय रोगीको निम्ति इसीजी, कानको निम्ति अडियोमन्ट्री टेस्टको सुविधा उपलब्ध गराएका छन्।

## मोसुल हवाई हमलामा आईएसको मुफ्ती मारियो

**मोसुल, १५ अप्रेल (हिस)।** पश्चिमी मोसुल शहरमा अमेरिका समर्थित गठबन्धन सेनाको हवाई हमलामा इस्लामिक स्टेट (आईएस)को एक बदनाम मुफ्ती मारियो। मुफ्ती अब्दुल्ला अल-ब्रदानी बिहीबार हवाई हमलामा मारिएको बताइँको छ। मुफ्ती आईएसको तर्फबाट अमानवीय फतवा जारी गर्नको निम्ति बदनाम थियो। उसलाई मानिसहरूले अबू अयबू अल अतरको नामले पनि चिन्थे। उसले आम मानिसहरूको प्रताड़ना, हत्या र यौन दुरूपयोगको निम्ति अनेक फतवा जारी गरेको थियो। हवाई हमलापछि सुरक्षा बलले पुरानो मोशुल शहरमा अल-नुरी मस्जिदलाई पुनः आफ्नो नियन्त्रणमा लिने प्रयास गरिरहेछ। बीबीसी अनुसार, अबू अयूब अल अतर गैर धार्मिक र अमानवीय फतवा जारी गर्नको निम्ति बदनाम थियो। उसले अल्पसंख्यक यजिदी महिलाहरूलाई दास बनाउन औ उनीहरूको साथ दुष्कर्म गर्नलाई पनि सही ठहर गरेको थियो। हालैमा उसले फतवा जारी गरी पूर्वी मोसुल शहरमा आम नागरिकहरूमाथि हमला गर्न आईएसलाई अधिकृत गरेको थियो। अल अयबूले आम मानिस धर्मत्यागी हुन्, यसैले उनीहरू हत्या गर्न योग्य हुन् भनेको थियो।

ज्ञात होस्, गत फरवरी महिनामा इराकी सेनाले पूर्वी मोसुल शहरलाई पुनः आफ्नो कब्जामा लिएको थियो।